gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

साप्ताहिक

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

वर्ष ९ अङ्क २४ पूर्णाङ्क ४१३ | आइतवार, फागुन १५, २०७३ | Feb 26, 2017, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-




"बेनीबजार झर मायालु"
म्युजिक भिडियोमा
विस्तृत अन्तिम पृष्ठमा

# जनप्रतिनिधिको प्रतिक्षा

- जनता खुसी
- चुनावी रणनीति बनाउँदै नेता
- कार्यकर्ता उत्साहित
- दलहरु चुनाव केन्द्रित

■ सन्तोष गौतम/नवविकल्प




करिब दुई दशकपछि स्थानीय निकायमा जनप्रतिनिधि चुन्न पाउने भएपछि म्याग्दीबासी खुसी भएका छन् । सरकारले फागुन ८ गते स्थानीयतह निर्वाचनको मिति घोषणा गरेपछि जनतामा खुसी र राजनीतिक कार्यकर्तामा उत्साह छाएको छ ।

गाउँका राजनीतिकर्मी, अगुवा, युवा, महिला, दलित र वौद्धीक वर्गमा बैशाख ३१ मा घोषणा भएको स्थानीयतह निर्वाचनको चर्चा र बहस चल्न थालेको हो । स्थानीय निर्वाचनले जनप्रतिनिधि विहिन अवस्थाको अन्त्य, विकास निर्माणले गति लिने, सार्वजनिक सेवाप्रवाह सहज बन्ने, संबिधानको कार्यान्वयन र भागबन्डाको राजनीति अन्त्य हुने सर्वसाधारणको अपेक्षा छ ।

निर्वाचनको मिति घोषणाले ग्रामिण क्षेत्रका बासिन्दालाई उत्साहित बनाएको शिख २ का दुर्गाबहादुर खातीले बताउनुभयो । "स्थानीय तहको सेवा सुबिधा सहज हुने, विकास निर्माणले गति लिने अपेक्षा छ" खातीले भन्नुभयो "गाउँका जनता प्रतिनिधि छनौट गर्न मतदानका लागि ब्यग्र प्रतिक्षामा छन् ।"

मतदानको मिति घोषणा भएकोमा खुसी लागेको शिख ८ का पूर्णबहादुर पाईजाले बताउनुभयो । गाउँ, गाउँमा सम्भावित उमेद्वारको चर्चासंगै राजनीतिक सक्रियता बढेको पाईजाले बताउनुभयो । स्थानीय स्तरमा चुनिने जनप्रतिनिधि मार्फत जनताको समस्या समाधान र सेवा सुबिधालाई सहज रूपमा उपभोग गर्ने वातावारण बन्ने सर्वसाधारणले बताएका छन् ।

नयाँ संबिधानले परिकल्पना गरेको ब्यवस्था अनुसार पुनसंरचना भएको स्थानीयतहमा जनप्रतिनिधि चुनिएपछि जनताको विकास, न्याय, सुरक्षा, सहयोग, आर्थिक, सामाजिक चेतनामा पहुँच बढ्ने घारका रामबहादुर खड्काले बताउनुभयो । भेटघाट, भेला, प्रशिक्षण, संगठन विस्तारको कामले गाउँमा नेताहरू पुग्न थालेपछि चहलपहल बढेको छ । विकास निर्माणको बहसले समेत प्राथमिकता पाएको छ ।

मधेशकेन्द्रित दलको असन्तुष्टि र पुर्नसंरचनाको सवाल निर्वाचनको चुनौतीका रूपमा रहेपनि संबिधान कार्यान्वयन र विकासका लागि स्थानीयतहको निर्वाचन अपरिहार्य रहेको भुरुङ तातोपानीका बुद्धी पुनले बताउनुभयो । "निर्वाचनको वातावरण बनाउन सबै जुट्नुपर्छ" उहाँले भन्नुभयो "स्थानीयतहको निर्वाचन भएपछि जनताले राजनीतिक परिवर्तनको अनुभूति गर्न पाउँछन् ।"

करिब दुई दशकदेखि स्थानीयनिकायको चुनाव नहुँदा निराश भएका युवाहरू समेत उत्साहित हुँदै उमेद्वार बन्न लविङ थालेका छन् । निर्वाचनले मताधिकारको प्रयोग, अवसरको सिर्जना र राजनीतिक कार्यकर्ता ब्यवस्थापनको बाटो खुलेको छ । १८ वर्षदेखि अध्यक्षको समेत जिम्मेवारी सम्हाल्दै आएका गाविस सचिवहरू जनप्रतिनिधि चुनिएपछि कामको बोझ घट्ने

बाँकी पृष्ठ ७ मा

# विद्यार्थी होमिए चुनावमा

■ नवविकल्प



स्ववियु म्याग्दी बहुमुखी क्याम्पसका सभापतिका उम्मेदवार क्रमशः नेविसंघका हरिकृष्ण आचार्य, अनेरास्ववियुकी सावित्री केसी र अनेरास्ववियु (क्रान्तिकारी)का सुदिन पौडेल ।

त्रिभुवन विश्वविद्यालय अन्तरगतका क्याम्पसमा फागुन १८ गते हुन लागेको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचनका लागि विद्यार्थी संगठनहरू चुनावमा होमीएका छन् । बेनीको म्याग्दी बहुमुखी क्याम्पस र बाबियाचौरको मंगला शिक्षा क्याम्पसमा स्ववियु चुनाव जित्न विद्यार्थी संगठनहरू उमेद्वार चयन गर्दै प्रचारप्रसारमा जुटेका छन् । आठ वर्षपछि हुन लागेको स्ववियु निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्नका लागि विद्यार्थी संगठनहरूले तयारी र प्रचारप्रसारलाई तिब्र बनाएका हुन् ।

४७६ जना मतदाता रहेको म्याग्दी बहुमुखी क्याम्पसमा निर्वाचनका लागि अनेरास्ववियु, अनेरास्ववीयु (क्रान्तिकारी), नेपाल विद्यार्थी संघ र राष्ट्रिय प्रजातान्त्रीक विद्यार्थी संगठन दर्ता भएका छन् । अनेरास्ववियु, अनेरास्ववीयु (क्रान्तिकारी), नेपाल विद्यार्थी संघ र नयाँ शक्ति विद्यार्थी संघ चुनावको लागि दर्ता भएको मंगला शिक्षा क्याम्पसमा मतदाता संख्या ५४ जना छन् ।

म्याग्दी बहुमुखी क्याम्पसमा हरिकृष्ण आचार्यलाई स्ववीयु सभापतिको उमेद्वार बनाउने निर्णय गरेको नेविसंघले बाबियाचौरको मंगला शिक्षा क्याम्पसमा भने नयाँ शक्ति विद्यार्थी संगठनसंग संयुक्त प्यानल बनाउँने भएको छ । संयुक्त प्यानलको नेतृत्व भने नेविसंघका तर्फबाट सभापतिका उमेद्वार रोशन अधिकारीले गर्ने भएका छन् । संयुक्त प्यानलमा नयाँ शक्तिको तर्फबाट सचिवमा सोनीया आचार्यले उमेद्वारी दिनुहुने भएको छ ।

म्याग्दी क्याम्पसको सचिव पदमा अस्मीता शर्मा र कोषाध्यक्षमा पदमबहादुर विश्वकर्मा (अर्जुन)लाई उमेद्वार बनाउने नेविसंघले जनाएको छ । यसैगरी प्रत्यक्षतर्फ निर्वाचित हुने सदस्यहरूमा अप्सरा बरूवाल, सरोज पौडेल, नरू थजाली, बालकृष्ण सापकोटा, खिमबहादुर गर्बुजा र सुजन सुवेदीलाई उमेद्वार बनाउने नेविसंघ म्याग्दीका सदस्य सुजन बरूवालले जानकारी दिनुभयो ।

एमाले निकट अनेरास्ववियुले बिहीबार पार्टी कार्यालय हाडेभिरमा पत्रकार सम्मेलन गरी दुई वटै क्याम्पसमा सभापति, सचिव, कोषाध्यक्ष लगायत प्रत्यक्ष निर्वाचित र समानुपातीक तर्फका उमेद्वारहरूको नामावली सार्वजनिक गरेको छ । म्याग्दी बहुमुखी क्याम्पसमा जिल्ला सचिव सावीत्री केसी र मंगलामा

बाँकी पृष्ठ ७ मा




प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९–५२०९२०,

९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

टाइपिङ, सेटिङ र डिजाइनका लागि भरपर्दो ठाउँ

शर्मा डेस्कटप

मो.नं. ९८५७६२१५६०

STUDY & WORK IN JAPAN

Admission Open .........

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Prep-eration Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in Japan
for more detail visit us.............

S. Raj Language Institute (P) Ltd.

Sangam Chock-Beni

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

सूचना

नेपालको संविधानमा अपाङ्गता भएकाहरुका लागि भएका व्यवस्थाहरुको कार्यान्वयन गरौं ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

## 5f]s/L

## बालीको उपचार गर्ने शिविर

■ नवविकल्प

रोग किरा लागेको बोट बिरूवा समाएर लस्करै उभिएका सर्वसाधारण । कोठा भित्र सेतो एप्रोन लगाएका दुई जना व्यक्ति कृषकलाई परामर्श दिदैछन् । भट्ट हेर्दा र देख्दा स्वास्थ्य शिवीर जस्तै लाग्ने बेनी नगरपालीका १ लामगरामा आईतबार देखिएको यो दृष्य बाली उपचार शिवीरको हो ।

जहाँ खेतीबालीमा देखा परेका रोग किराको पहिचान र समाधानका लागि स्थलगत सेवा उपलब्ध गराउन घुम्ती बाली उपचार शिवीर आयोजना गरिएको थियो । क्षेत्रीय बाली संरक्षण प्रयोगशाला पोखराको आयोजना र जिल्ला कृषि विकास कार्यालयको संयोजनमा शिवीर सम्पन्न भएको हो ।

शिवीरबाट लामगराका २३ जना कृषकहरूले सेवा पाएका छन् । खाद्यबाली र तरकारीमा देखिएको रोग, किराको पहिचान र समाधानका उपायको विषयमा कृषकहरूलाई परामर्श दिइएको जिल्ला कृषि विकास कार्यालयका बाली संरक्षण अधिकृत हरिहर शर्माले बताउनुभयो । शिवीरमा लामगरा, ढोडेनी र आनन्दबगरका कृषकहरूले रोगी बिरूवा परिक्षण गराउन ल्याएका थिए । प्रयोगशालाका बाली विज्ञ शिवराज बराल र जिल्ला कृषि बिकास कार्यालयका बाली संरक्षण अधिकृत शर्माले सेवा दिनुभएको थियो ।

## कर्मचारी र नेताहरुबीच मैत्रीपूर्ण फुटबल

■ नवविकल्प

प्रजातन्त्र दिवसका आवसरमा गत आइतवार म्याग्दीमा क्रियाशिल राजनीतिक दलका नेता र सरकारी कर्मचारीहरूबीच मैत्रीपूर्ण फुटबल खेल सम्पन्न भएको छ ।

६७ औं प्रजातन्त्र दिवस मुल समारोह समिती र जिल्ला खेलकुद विकास समितिले बेनीको खुल्ला मञ्चमा फुटबल खेल आयोजना गरेको हो । खेलमा कर्मचारीको नेतृत्व प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेल र नेताहरूको नेतृत्व नेपाली काँग्रेसका सभापति खम्बिर गर्बुजाले गर्नुभएको थियो ।

कर्मचारीको तर्फबाट प्रजिअ पौडेल र खेलकुद विकास समितिका प्रशिक्षक कर्ण प्रधानले १र१ तथा राजनितिकर्मीको तर्फबाट सोभन श्रेष्ठले १ गोल गर्नुभएको थियो । मैत्रीपूर्ण फुटबलसंगै म्याग्दीमा त्रिदिवसीय कार्यक्रम गरेर प्रजातन्त्र तथा निर्वाचन दिवस मनाइएको छ । शुक्रबार बेनीको सार्वजनिक स्थलको सरसफाई, शनिबार ऱ्याली र प्रवचन आयोजना गरिएको थियो ।

## निजामती कर्मचारी युनियन संघमा पौडेल

■ नवविकल्प

नेपाल कर्मचारी युनियन संघ म्याग्दीको बुधबार बेनीमा सम्पन्न सातौं जिल्ला अधिवेशनले लिलानाथ पौडेलको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिती निर्वाचित गरेको छ ।

सर्वसम्मत निर्वाचित कार्य समितिको खुल्लातर्फको उपाध्यक्षमा चन्द्रदत्त शर्मा, महिला उपाध्यक्षमा मनकुमारी गिरी, समावेशी उपाध्यक्षमा प्रेमचन्द्रप्रसाद जयसवाल, सचिबमा बलराम बानियाँ, सहसचिबमा सन्तोष पौडेल र कोषाध्यक्षमा विष्णुप्रसाद शर्मा रहनुभएको छ । शिव शर्मा, कुलप्रसाद आचार्य, लक्ष्मण शर्मा (चालिसे), प्रदीप गौतम, रघुनाथ शर्मा, तेजनाथ पौडेल, विष्णुमाया कुवँर र सुशीला केसी सदस्यमा चयन हुनुभएको छ । निवर्तमान अध्यक्ष ज्ञान गिरी र बिनोद रेग्मी केन्द्रीय सभा सदस्यमा निर्वाचीत हुनुभएको छ भने २ जना सदस्य कार्यसमीतीले मनोनित गर्ने व्यवस्था छ ।

## राप्रपाको केन्द्रिय सदस्यमा गौचन दाजुभाई

■ नवविकल्प

राष्ट्रिय प्रजातन्त्र पार्टीको एकताको महाधिवेशन मार्फत म्याग्दीका दुई जना नेता केन्द्रिय सदस्यमा प्रतिनिधित्व गरेका छन् ।

पुर्वराज्यमन्त्री भिमप्रसाद गौचन र पुर्व सहायक मन्त्री जगतप्रसाद गौचन राप्रपाको केन्द्रिय सदस्यमा चयन हुनुभएको हो । जगतप्रसाद गौचन निर्वाचित र भिमप्रसाद गौचन केन्द्रिय समितिको बैठकबाट केन्द्रिय सदस्यमा मनोनित हुनुभएको राप्रपा म्याग्दीका अध्यक्ष बिरबहादुर थापा क्षेत्रीले जानकारी दिनुभयो । जगतप्रसाद गौचनले एक हजार ३३ मत प्राप्त गरेर केन्द्रिय सदस्यमा निर्वाचित हुनुभएको थियो । म्याग्दीको पाखापानीमा जन्मिएका गौचनद्धय सहोदर दाजुभाई हुनुहुन्छ । उहाँहरू लामो समयदेखि राष्ट्रिय प्रजातन्त्र पार्टीको राजनीतिमा सक्रिय हुनुहुन्छ ।

## बोनम्यारो र रक्तक्यान्सर पीडित सिताको निधन

■ नवविकल्प

म्याग्दीको भगवती-३ की बोनम्यारो र रक्तक्यान्सरबाट पीडित सिता ( कृष्णकुमारी) कटुवाल क्षेत्रीको उपचारको क्रममा निधन भएको छ ।

रक्तक्यान्सरको उपचारसंगै बोनम्यारो पत्यारोपणको लागि भारतको इन्दीरा गान्धी अस्पतालमा उपचार गराइरहेकै समयमा उहाँको बुधबार निधन भएको हो । लामो समयसम्म टिचिङ अस्पताल काठमाण्डौमा उपचार गराईएपनि बोनम्यारो पत्यारोपणको लागि क्षेत्रीलाई उपचारको लागि करिब साढे एक महिना अगाडि भारत लगिएको थियो ।

बिशेषज्ञ डाक्टरहरूको बिशेष निगरानीमा बोनम्यारो पत्यारोपणको उपचार प्रकृया सुरू गरिएपनि उहाँको स्वास्थ्यमा अकस्मात खराबी आएको र उपचारकै क्रममा इन्दीरा गान्धि अस्पतालमै निधन भएको क्षेत्रीका देवर रिम कटुवाल क्षेत्रीले बताउनुभयो । क्षेत्रीको उपचारका लागि गत पुष देखि सिता (कृष्णकुमारी) कटुवाल क्षेत्री बचाउ अभियान समेत सुरू गरिएको थियो । उनको उपचारको लागि राखुबासीहरूको पहलमा स्वदेश तथा विदेशमा रहेका म्याग्देलि र नेपालीहरू मार्फत करिब ४५ लाख संकलन भएको थियो । सोही रकमबाटै उहाँको उपचार गराइएको थियो ।

यसैबिच क्षेत्रीको उपचारको लागि आर्थिक संकलनको लागि गठित सिता बचाउ अभियान समितिले उहाँको असामयिक निधनप्रति गहिरो दुख र शोक व्यक्त गरेको छ । क्षेत्रीको शवलाई शुक्रबार नेपाल ल्याएर शनिबार अन्टेष्टि गरीने पारिवारीक स्रोतले जनाएको छ ।

## सातामा तस्वीर

सन्तोष गौतम






*धौलागिरी काँखैमा : विश्वप्रसिद्ध अन्नपूर्ण चक्रिय पदमार्ग अन्तरगत पर्ने म्याग्दीको शिख देउरालीबाट देखिएको धौलागिरी, निलगिरी हिमशृङखला ।*



*तातोपानीमा स्नान : बेनी नगरपालीका १३ स्थित प्राकृतीक तातोपानी कुण्डमा स्नान गर्न लागेको सर्वसाधारणको भिड । बिरेनुनको गन्धमा जमिनभित्रबाट ५० डिग्री तापक्रममा निस्कने तातोपानी संकलन गरिएको तलाउमा स्नान गरेमा छाला, चोट पटक लागेको, सुन्निएको, मर्कीएको, ग्यास्ट्रिक, बाथ लगायत रोग निको हुने विश्वास रहेको छ ।*



*विद्यालय भवन : म्याग्दीको भुरुङ तातोपानीको मान्द्रेढुङ्गामा रहेको हिमालयन प्राबीमा निर्माण भएको दुई कोठे भुकम्प प्रतिरोधी क्षमत्ताको कक्षा कोठा भवन ।*

# विद्युतीय पुस्तकालय अभियान तिब्र

**■ नवविकल्प**

प्रवासीहरूको अगुवाईमा म्याग्दीका सामुदायिक विद्यालयमा विद्युतीय पुस्तकालय स्थापना गर्ने अभियानले तिब्रता पाएको छ ।

सामाजिक सञ्जाल 'फेसबुक'को सहायताले आर्थिक स्रोत जुटाएर ११ वटा शैक्षिक संस्थामा विद्युतीय पुस्तकालय स्थापना गरेको म्याग्दी प्रवासी नेपाली संघ (मोना)ले दोस्रो चरणमा थप बीस ठाउँमा विस्तार गर्ने तयारी गरेको छ । रोजगारी, अध्ययन, ब्यापार, ब्यवसायको शिलशिलामा बिदेशीएका म्याग्देलीहरूले सामाजिक सञ्जाल 'फेसबुक'बाट अभियान चलाएर विद्युतीय पुस्तकालय स्थापनाका लागि आर्थिक स्रोत जुटाएका छन् ।

ग्रामिण क्षेत्रमा आधुनीक सूचना प्रबिधीको पहुँच र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा सहयोग पुर्‍याउने उद्देश्यले विद्युतीय पुस्तकालय स्थापना गर्ने अभियान सञ्चालन गरेको मोनाका कोषाध्यक्ष चक्रबहादुर थापाले बताउनुभयो । दोस्रो चरणमा थप २० वटा विद्युतीय पुस्तकालय जडानका लागि आवश्यक ब्यवस्थापन खर्च वापत दश लाख रूपैया मंगलबार नेपाल लाईब्रेरी फाउण्डेशनलाई उपलब्ध गराइएको मोनाको विद्युतीय पुस्तकालय कार्यदलका संयोजक समेत रहनुभएका थापाले जानकारी दिनुभयो ।

"सामाजिक सञ्जाल फेसबुक मार्फत विश्वका विभिन्न देश र नेपालभित्र रहेका म्याग्देलीहरू संग समन्वय गरेर आर्थिक स्रोत जुटाएका छौं" थापाले भन्नुभयो । मोनाले जिल्ला शिक्षा कार्यालय, फाउण्डेशन र गैरआवासीय नेपाली संघ (एनआरएन)संग समन्वय गरेर म्याग्दीका सबै २३२ वटा सामुदायिक विद्यालयमा विद्युतीय पुस्तकालय स्थापना गर्ने लक्ष्य राखेको छ ।

एउटा विद्युतीय पुस्तकालयको सफ्टवयर जडान गर्न ७५ हजार रूपैया आवश्यक पर्छ । ईन्टरनेटको प्रयोगबिनै कम्प्युटरमा पाठ्यपुस्तक पढ्न, दृष्य हेर्न र श्रब्य सामाग्री सुन्न सकिने प्रबिधि जडित विद्युतीय पुस्तकालयले शिक्षाको गुणस्तर, विद्यार्थीको पढाईप्रति रूची र सिकाई उपलब्धी बढाउन मद्दत गर्ने अपेक्षा गरिएको छ।

विद्युतीय पुस्तकालयमा इन्टरनेट नभएको अवस्थामा पनि पाठकले आफूले चाहेको पुस्तक अध्ययनका साथै शिक्षा, स्वास्थ्य, कृषि, वातावरण लगायत विषयसंग सम्बन्धित सन्देशमुलक श्रब्य, दृष्य सामाग्री हेर्न र सुन्ने सुबिधा छ ।

पुस्तकालयमा कक्षा २ देखि ७ सम्मको पाठ्यक्रम र आठ हजार विभिन्न बिधाका पुस्तक रहेको सफट्वेयर जडान गरिएको छ । पुस्तकालय स्थापनाका लागि सम्बन्धित विद्यालय तथा संस्थाले कम्प्युटर लगायत पुर्वाधार, मोनाले सफ्टवयर खरिदमा आर्थिक सहयोग र फाउण्डेशनले प्राबिधिक सहयोग गर्ने सम्झौता भएको छ ।

# सुरक्षा अवस्थाको विषयमा छलफल

**■ नवविकल्प**

म्याग्दीका नवआगन्तुक प्रहरी नायव उपरिक्षक बसुन्धरा खड्काले सरोकारवालाहरूसंग जिल्लाको सुरक्षा अवस्थाको विषयमा छलफल गर्नुभएको छ । शान्ति सुरक्षाको अवस्थालाई थप सुदृढ बनाउन सुझाव संकलन गर्ने उद्देश्यले नागरीक समाज, उद्योगी, ब्यवसायी, राजनीतिकर्मी, पत्रकार लगायतसंग छलफल गर्नुभएको हो । प्रहरी प्रधान कार्यालयबाट गत हप्ता म्याग्दीमा सरूवा हुनुभएका प्रनाउ खड्काले सुझावको आधारमा बस्तु स्थितीलाई बिश्लेषण गरेर आवश्यक कदम चालीने बताउनुभयो ।

गुणस्तरीय सेवा, नागरीक मैत्री ब्यवहारलाई प्राथमिकता दिने बताउँदै प्रनाउ खड्काले समाजसंग सन्तुलीत सम्बन्ध राख्ने र म्याग्दीलाई शान्त, सुरक्षीत र स्वच्छ जिल्ला बनाउने प्रनाउ खड्काले बताउनुभयो ।


महिला हिंसा, मानवअधिकारको हनन्, दुर्ब्यसनी, सामाजिक विकृती र दुर्घटनाको समस्या न्युनीकरणका लागि सरोकारवालाहरूसंग समन्वय गर्ने उहाँले बताउनुभयो । विपद् ब्यवस्थापनको तयारीको साथै मेलाजात्रालाई ब्यवस्थित र सुरक्षित बनाउन आयोजकलाई जिम्मेवार बनाइने उहाँको भनाई छ ।

यसअघि काठमाडौंको सोह्खुट्टे क्षेत्रको प्रहरी प्रमुखको नेतृत्वका साथै अपराध अनुसन्धान महाशाखामा रहेर काम गर्नुभएकी खड्का म्याग्दीको सुरक्षा प्रमुखको जिम्मेवारी सम्हाल्ने पहिलो महिला हुनुहुन्छ ।

प्रनाउ खड्कालाई म्याग्दीमा कार्यरत पत्रकारहरूले नजिक हुन र प्रभावमा पर्ने तत्वसंग सचेत रहनु, अदालतको फैसला कार्यान्वयनलाई प्राथमिकता दिन, प्रहरी सेवालाई छिटो, छरिटो र नागरीकमैत्री बनाउन, प्रहरी मेरो साथी कार्यक्रमलाई गाउँ तहसम्म लैजान सुझाव दिएका थिए ।

पत्रकारसंगको अन्तरक्रिया कार्यक्रमको प्रहरी निरिक्षक दिवाकर घिमीरेले सहजिकरण गर्नुभएको थियो । प्रनाउ खड्कालाई म्याग्दी उद्योग वाणिज्य संघ, दिदीबहिनी, संगिनी सहकारी लगायत विभिन्न संघ संस्थाहरूले समेत स्वागत गरेका छन् ।


# हार्दिक बधाई


भिमप्रसाद गौचन


जगत गौचन

राष्ट्रिय प्रजातन्त्र पार्टीको काठमाण्डौमा हालै सम्पन्न एकता महाधिवेशनबाट पूर्व राज्यमन्त्री/सहायक मन्त्री क्रमशः भिमप्रसाद गौचन र जगत गौचन केन्द्रिय सदस्यमा मनो नित/ निर्वाचित हुनुभएकामा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

विरवहादुर थापा क्षेत्री
अध्यक्ष
**राष्ट्रिय प्रजातन्त्र पार्टी परिवार**
**जिल्ला कार्य समिति, म्याग्दी**


# चुरोट



... चुरोट पिएको देखेपछि उसको गोरो वर्ण कालो लाग्न थाल्यो । गुलाबी ओठ एकाएक आगोको मुस्लोजस्तो लाग्न थाल्यो । घर परिवारका बारेमा सोच्न थाल्यो । बुहारीले चुरोट पिउँछे भन्ने थाहा पाएपछि आमाको अनुहार कस्तो होला ?

**- सविता सापकोटा**

हावामा मिसिएर उडिरहेको धुवाँ एकाएक बिलिन भयो । चियाको चुस्कीसँगै गफमा उडाइरहेको त्यो पल तर्सित भयो । हावाको बेगले परसम्म उडाएर लग्यो धुवाँ अनि मनभित्र बाँकी रहे संङ्काहरू । धुवाँ नै त हो जीवन, देखेर के भो ? कसैले मनभित्रै धुवाँ उडाउँछन् त कसैले बाहिर । फरक त्यति हो मनभित्रको धुवाँले आफैँलाई प्रदूशित बनाउँछ र बाहिर फाल्ने धुवाँले वातावरण ।

एक्लोपनले सताउँदा विगतलाई बिर्साउने माध्यम बनेको छ चुरोट । पहिले रहरले पिउँथ्यो ऊ तर आजकल दैनिकी बनेको छ । समयसँगको परिवर्तन होला । हुन त ऊ पहिलेदेखि नै चुरोट पिउँथ्यो । एसएलसी दिएपछि कलेजका दिनहरूमा फेसनको रूपमा पिउँथ्यो । चुरोट नपिउने कमै हुन्थे, सोझा, घोकन्ते र पढन्दास । सकेसम्म केटीका आँखा छलेर पिउने गर्थ्यो ऊ । तर पनि कताबाट देखिहाल्थे । ऊ सोच्थ्यो यी केटीहरूको पछाडी पनि आँखा हुन्छ कि के हो ? अनि सम्झिन्थ्यो आमाको वचन र घर छोड्दा भनेका कुराहरू । केटीको पछि नहिँड्नु सहरका केटीहरू जाली हुन्छन् । केटाको धनमा मस्ती गर्न खोज्छन् । खर्च गर्न नसके अर्को खोजेर त्यहीसँग पल्किन्छन् । जस्ती केटी चाहिन्छ, त्यो हामी खोजिदिन्छौ माया, प्रेममा नपर्नु नि । आफू जुन उद्देश्यका लागि सहर पसेको हो, त्यही पूरा गर्नेतिर लाग्नु । उद्देश्य त एउटै थियो पढेर ठूलो मान्छे बन्ने अनि जागिर खाने ।

एउटा उद्देश्यले मनभरीका रहरहरूलाई कुहिरोलेझैं कहाँ ढाक्न सक्थ्यो र ? कुहिरा आँखा, गुलाबी ओठ, मन्द मुस्कान, चाउचाउजस्तो कपाल भएकी युवती देख्दा उसको मन कहाँ थामिन सक्थ्यो । सुसेली मार्न, सिटी बजाउन किन पछि पर्थ्यो त्यो जोस् । पहिले नै प्लसटु पढ्दा एउटीले सीधै प्रपोज रिजेक्ट गरेकी थिई । त चुरेटे भनेर सीधै सबैको अगाडी झापड हानेकी थिइ । मनभरीका सपना सिसा जसरी फुटेका थिए । कति गुलाबहरू ओइलाएर झरेका थिए । डराउँदै लुरूक्क फर्केको थियो आभास । सबै साथीभाइको गलफ्रेन्ड हुँदा उसलाई पनि एउटी राम्री मैयाको खाँचो थियो । भरर्खर बाउले किनिदिएको नयाँ बाइकको पछाडिको सिट खाली नै थियो । सधैं केटाहरू चढेर घुम्न जाऊँ भन्दा दिक्क लाग्थ्यो ।

तर प्लसटु त्यसैगरी सकियो । आफूले मन पराउनेले बाल दिएनन् । आफूलाई मन पराउनेहरू राम्रो लागेनन् । केटाको रूप र धन नै त हेर्छन् केटीहरू । बाइकवाला भएकाले केही महिना एउटीसँग अफएर चलेको थियो । तर उसको बिहे अर्के केटासँग भयो । घरका ५ छोरीमध्ये जेठी छोरी भएकाले प्लसटु पढ्दै गर्दा उसको बिहे भयो । कस्तो छ है हाम्रो समाज । छोरो पाउने निहुँमा बर्षेनी छोरी जन्माउँछन् अनि छिट्टै बिहे गरेर पठाउँछन् । एसएलसी दिएपछि केटो खोज्न हतार हुन्छ रे केटीका आफन्तहरूलाई । बिहेको लागि ऋण दिन तयार हुन्छन् आफन्तहरू तर छोरीको पढाइको लागि भन्दा आनाकानी गर्छन् । छोरीले पनि पढेर केही गर्न सक्छन् भन्ने विश्वास नै लाग्दैन उनीहरूलाई । बिचरी प्लसटु पढ्दै गर्दा बिहे भयो । अहिले २ सन्तानकी आमा बनिसकेकी छे ।

विगतमा हराएर सोचमग्न भयो आभास । आँखा अगाडी आइपुग्दा समेत ख्याल भएन उसलाई । कहिलेकाहीँ नजिक देख्दासमेत नदेखेझैँ हिँड्ने ऊ आफ्नै अगाडी आउँदासमेत पत्तै भएन छ । अकस्मात आँधी उर्लिए जस्तै कहिलेकाहीँ नयनहरूले पनि धोका दिने रहेछन् । सायद धोकाहरूले नै जीवनमा पाठ सिकाउँछन् ।

अस्ति भेट्दा त चुरोट पिउन छोडेँ भन्थ्यौ । नामजस्तै छायाँ बनेर आएकी थिई ऊ । एकोहोरो प्रेममा परेको थियो आभास । अफिस आउँदा जाँदा कहिलेकाहीँ भेट हुन्थ्यो । उसकै झापड खाँदा केही दिन चुरोट छोडेको थियो । कलेज पढ्दाकी साथी थिई, छायाँ । २ वर्षपछि कामको सिलसिलामा भेट भएको थियो । पर देखेर लुकाउन खोजेको थियो चुरोट तर सकेन् । जीवनका केही घटना चाहेर पनि लुकाउन सकिँदैन् । ढिलो या चाँडो जहिले भए पनि सत्यताको जितभएर नै छाड्छ ।

फेरि एकपटक त्यही हातले गालामा हानेको आवास भयो । चिटचिट पसिनासँगै राता भए गाला, भाग्न मन लाग्यो त्यो ठाउँदेखि धेरै पर, जहाँ चुरोटले बनेको झुपडी होस्, अनि धुवाँले भरिएको कोठा । केही नबोली ऊ अगाडि लम्किइ र चुरोट मागेर सल्काउन थाली । म अकमक्क भएँ । ठूलो छागाबाट झरेको पानी अकस्मात मेरो टाउकोमा परेको महशुस भयो । ऊ पनि चुरोट पिउन थाली छ । सायद उसलाई पनि सहरको हावापानीले छोए छ । मलाई मेरी हजुरआमाले चुरोट पिएको थाहा थियो । आमा पिउनु हुँदैनथ्यो । बाबाले चुरोट सल्काएर ल्याउन लगाएकाले नै मेरो चुरोट पिउने आदत बसेको थियो । पसलबाट पनि मैले नै किनेर ल्याइदिनुपर्थ्यो ।

पिउने हो मिस्टर आभाष, लजाउनु पर्दैन, छायाँले सोधी । उसले देखेर गाली गर्छे कि भन्ने पिरमा रन्थनिएको मन डगमगाएको थियो । वरपर मान्छे देख्दाफुलमा बसौं या नबसौं भन्दै भुनभुनाएको माउरी जस्तै । चाहेर पनि भो, भन्यो । पिउन मन लागेन उसलाई । केही इच्छाहरू मनभित्रै दबिन्छन् भने केही मन नलाग्दा नलाग्दै पनि दबाउनुपर्छ । कहिलेकाहीँ नबुझी घोकेको पाठजस्तै गरी ।

पहिले मन परेकी छायाँ एकाएक कुरूप लग्न थाली । चुरोट पिएको देखेपछि उसको गोरो वर्ण कालो लाग्न थाल्यो । गुलाबी ओठ एकाएक आगोको मुस्लोजस्तो लाग्न थाल्यो । घर परिवारका बारेमा सोच्न थाल्यो । बुहारीले चुरोट पिउँछे भन्ने थाहा पाएपछि आमाको अनुहार कस्तो होला ? हुन त केटीले चुरोट पिउनु हुँदैन भनेर कुन ग्रन्थमा लेगेको छ र ? आफ्नै मनलाई प्रश्न गर्‍यौं । अकस्मात हजुरआमाको याद आयो । उहाँ पनि चुरोट पिउनुहुन्थ्यो तर जवानीमा होइन बुढेसकालमा ।

काठमाडौं आएदेखि साथीहरूको सङ्गतमा पिउन थालिछ छायाले । चुरोट मात्र होइन बियर, भोड्का, वाइन सबै कुरा पिउने आदत बसेको छ भनेर कथन सुनाउँदै थिइ । मीठो लाग्ने उसको आवाजका गति पानी जस्तै अमिलो लाग्यो । केहीबेरमा हामी छुटियौं र अबदेखि कहिले पनि उसँग भेट नहोस् जस्तो लाग्यो । मैले चुरोट पिउँदा झापड हान्ने उसलाइ खै किनकिन घृणाको झापड हान्न मन लाग्यो, सदाका लागि ।


प्रो. सन्दीप/सलिना खत्री
मो.९८४७७३८१३२,९८४७७५९७६६
ए हजुर कता ? प्रिन्टीङ्ग सम्बन्धी सम्पूर्ण काम यता !
**लालीगुराँस प्रिन्टीङ्ग सेन्टर**
संगमचोक, बेनीबजार म्याग्दी



फ्लेक्स प्रिन्ट,डिजिटल ब्यानर, लाईट बोर्ड, होडिङ्ग बोर्ड, रिफ्लेक्टी बोर्ड, कप प्रिन्ट, मायाको चिनो, मेडल, सम्मानपत्र, प्रमाणपत्र, डिजिटल परिचयपत्र, स्टीकर प्रिन्ट, टोपी प्रिन्ट, भिजीटीङ्ग कार्ड, फोटो प्रिन्ट,विवाह/व्रतबन्ध कार्ड, जर्सी प्रिन्ट, डिजिटल नाईलन छाप तथा डेस्कटप सम्बन्धी छिटो, छरितो र गुणस्तीय कामका लागि सदैव हामीलाई सम्झनुहोस् ।

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

## सम्पादकीय ...

# निर्वाचनलाई सफल पारौं

लोकतन्त्रमा निर्वाचन अनिवार्य छ । लोकतन्त्रलाई बलियो र संस्थागत गर्ने माध्यम भनेको आवधिक निर्वाचन हो । लोकतन्त्रमा नागरिकहरु सार्वसक्तिमान हुन्छन् । सार्वभौमशक्ति नागरिकमा निहित हुन्छ । आवधिक निर्वाचन मार्फत नागरिकहरुले आफ्नो सार्वभौमशक्तिको प्रयोग गर्दछन् । निर्वाचनबाट नागरिकहरुले आफ्ना प्रतिनिधि चयन गर्दछन् । स्थानीय निकायमा दुइदशक देखि यता निर्वाचन हुन सकेको छैन । नागरिकहरु आफ्ना जनप्रतिनिधि निर्वाचित गर्ने अवसरबाट बञ्चित थिए । सरकारले हालै मात्र नयाँ संविधान अनुसार बैशाख ३१ मा स्थानीयतहको निर्वाचन गर्ने घोषणा गरेको छ । घोषणाले नागरिकहरुमा उत्साह थपेको छ । गाउँगाउँमा निर्वाचनको चर्चापरिचर्चा सुरु भएको छ । आफ्नो मताधिकारको प्रयोग गरेर प्रतिनिधि चुन्ने मात्र होइन नयाँ संविधानले व्यवस्था गरेका अधिकार हरुलाई संस्थागत र कार्यान्वयन गर्न निर्वाचन एक अवसर हो । निर्वाचनलाई सफल पार्नका लागि राजनीतिक दलहरुले वातावरण तयार पार्न कुनै कसर वाँकी राख्नु हुँदैन । राजनीतिक गत्यारोधलाई अन्त्य गर्दै मुलुकलाई निर्वाचनमय बनाउनुपर्दछ ।

नयाँ संविधान अनुसार स्थानीयतह भनेको जनताको सबैभन्दा नजिकको सरकार हो । स्थानीय जनताको सबै दु:खसुखको साथी तथा विकास निर्माणमा यसले खेल्न सक्ने भूमिका अत्याधिक छ । संविधानले स्थानीयहतहलाई धेरै नै अधिकार दिएको छ । नेपालको संविधानको भाग १७ को धारा २१४ देखि २२० सम्म स्थानीय कार्यापालिका भाग १८ को धारा २२१ देखि २२७ सम्म स्थानीय व्यवस्थापिका र भाग १९ को २२८ देखि २३० सम्म स्थानीय आर्थिक प्रणाली सम्बन्धी प्रष्ट व्यवस्था गरेको छ । यसले संविधानले स्थानीय तहलाई धेरै नै शक्तिशाली बनाएको देखिन्छ । अब हुने स्थानीयतहका पदाधिकारीहरु स्वत: पहिलेका भन्दा धेरै नै शक्तिशाली बन्नेछन् । स्थानीय तहको निर्वाचनमा जाँदै गर्दा नयाँ बनेको तहमा सबै पार्टीले चुनाव लड्नेछन् । स्थानीयतहको बारेमा संविधानमा समावेशी, महिला अधिकारमा ध्यान दिइएको र सामाजिक रुपान्तरणका लागि क्रान्तिकारी फड्को मार्ने कुरा देखिन्छ साथै स्थानीयतह अधिकारका हिसावले पनि असाध्यै शक्तिसाली छ । निर्वाचन मार्फत स्थानीयतहले पूर्णता पाएमा मुलुको विकासमा अग्रगामी छलाङ मार्ने देखिन्छ ।


यसका साथै दुइ दशकपछि स्थानीयतहमा जनप्रतिनिधी छनौटको अवसर पाउनु नागरिकका लागि राजनीतिक अधिकार स्थापित गर्ने महत्वपूर्ण अवसर पनि हो । स्थानीय तहमा जनप्रतिनिधी नहुँदा नेपाली समाजको प्रजातान्त्रिक मूल्यमाथि नै प्रश्न चिन्ह खडा भइरहेका बेला सरकारले निर्वाचनको मिति तय गर्नु सकारात्मक छ । नयाँ संविधान जारी गर्ने बेलामा नै स्थानीय, प्रदेश र संघको निर्वाचनको मिति निश्चित गरिदिन सकेको भए निर्वाचनमा मोलमोलाई हुने थिएन । यद्यपि यसपटक संविधानलाई नै स्थापित गर्न निर्वाचनको अपरिहार्यता थियो । जसलाई पूरा गर्न सरकारले अन्तिम समयमा आएर स्थानीय तहको निर्वाचनको मिति तय गरेको छ । निर्वाचनप्रति मधेशवादी दलहरुले असहमति प्रकट गरेका छन् । संविधान संशोधनमार्फत आफ्ना मागहरु संबोधन भएमा मात्र निर्वाचनमा जाने उनीहरुले बताइरहेका वेला तोकीएकै समयमा निर्वाचन हुने कुरामा नागरिकहरुमा आशंका कायमै छ । ठूला राजनीतिक दलहरुले मधेशवादीदलहरुलाई सहमतिमा ल्याएर मुलुकमा बैशाख ३१ मै निर्वाचन हुने वातावरण तयार पार्न चुक्नु हुँदैन । मुलुकमा अव निर्वाचनको विकल्प छैन । २०७४ माघ ७ भित्र तिनवटै तहको निर्वाचन गरिसक्नुपर्ने बाध्यता भएकाले पनि स्थानीयतहको निर्वाचन तोकीएकै समयमा हुनुपर्दछ । नागरिकहरु निर्वाचनको वातावरण बनाउन एककदम अघि वढिसकेका छन् । दलहरुले पनि यसलाई अवसरका रुपमा लिँदै निर्वाचनलाई सफल पार्न कुनै कसर वाँकी राख्नुहुँदैन ।

## l6KkOfL, kltlqmof / ;emfj

**नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।**

**सम्पर्क**:
bikalpanews@gmail.com
**फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६**

# प्रचण्ड सरकारले रोजेको घाटाको व्यापार !



... निर्वाचनबाट पार्टीलाई ठूलो उपलब्धी नहुने, बोलीमा अडान नभएको भन्ने पुरानो लाञ्छना थप प्रमाणित हुने र मधेसको असन्तुष्टि यथावत रहँदा मुलुक सम्हाल्न नसकेको असफलताको अपजसभागी बन्नुपनल सम्भावना देख्दादेख्दै निर्वाचनको मितितोक्न राजी हुनाले प्रचण्डको पोल्टामा परेको एउटा मात्र फाइदा काँग्रेससँग गरेको पूर्व सहमतिभन्दा थप एक महिना सत्ताको नेतृत्व गर्ने अवसर मात्र हो । अब कमसेकम सत्ता छोड्नका लागि देउवाले कचकच गर्न नसक्ने परिस्थिति निर्माण भयो । माने पनि नमाने पनि प्रचडको उपलब्धी त्यति हो ।

- **चन्द्रप्रकाश बानियाँ**

धम्मरधुस कसरत पछि स्थानीय निर्वाचनको मिति तोकियो । "मधेस समस्या समाधान नहुँदासम्म निर्वाचन हुन सक्दैन र त्यसका लागि संविधान संशोधन हुनुपर्छ" भन्दै आएको सरकार आखिर संविधान संशोधन नगरिकनै निर्वाचनको मिति तोक्न विवश बन्यो । निर्वाचन नभएको झण्डै दुई दशक बितिसकेको भएपनि काम चलेकै थियो । अर्थात थप ६/८ महिना अघिपछि निर्वाचन हुनुले कुनै फरक पार्दैनथ्यो । संविधान कार्यान्वयनका लागि निर्वाचन गर्नुपर्थ्यो । संघीय संसदलाई पूर्णता दिनका निमित्त स्थानीय तहको निर्वाचन अनिवार्य थियो । स्थानीय तहको निर्वाचन तत्काल नगराउने हो भने राष्ट्रियसभाको निर्वाचक मण्डललाई साँघुर्‍याउनु आवश्यक थियो । प्रधानमन्त्री प्रचण्डले स्थानीय निर्वाचनका लागि मधेसी दलहरूलाई सहमत गराउने उद्देश्यबाट त्यस खालको प्रस्ताव चर्चामा ल्याएका पनि हुन् । वास्तवमा त्यो उल्टो प्रस्ताव थियो । त्यस्तो प्रस्ताव त निर्वाचन नगर्नका लागि ल्याउनु पर्थ्यो । निर्वाचन नै गर्नु थियो भने इलेक्ट्रोरल कलेजबाट स्थानीय तहका अध्यक्ष/उपाध्यक्षहरूलाई हटाउनुको कुनै अर्थ थिएन । मधेसका निमित्त त्यस्तो प्रस्ताव महत्वको भए पनि उति धेरै आकर्षणको विषय हुन सक्तैनथ्यो । त्यस्तो व्यवस्था वास्तवमा पहाड र हिमाली भेगका लागि अपेक्षाकृत लाभदायक हुन्थ्यो । राष्ट्रपति/उपराष्ट्रपति र संघीय संसदको निर्वाचक मण्डलमा स्थानीय तहका अध्यक्ष उपाध्यक्षहरू नरहने हो भने स्थानीय तहहरूको संख्या जति धेरै बनाएपनि मधेसको विरोध रहदैनथ्यो । स-साना गाउँ तथा नगरपालिकाहरू बन्न सकेको भए पहाडी भेकका जनताको सेवासुविधामा पहुँच सहज र सुगम हुन्थ्यो । वास्तवमा आम जनताका लागि स-साना गाउँपालिकाहरू बन्नु लाभको विषय हुन्थ्यो । पहाडी नेताहरूको दृष्टिमा जनताको सुविधाले अर्थ राखेन । पहाडकै फाइदाका निमित्त मधेसले उदार भैदिनुपर्ने आवश्यकता ठानेन । त्यसैले प्रचण्डको प्रस्ताव गर्भमै तुहियो ।

निर्वाचनको मिति तोकिएको छ तर त्यसले मधेसलाई फेरि अर्को एकपटक आन्दोलनमा होमिन वाध्य बनाएको छ । निर्वाचनमा मधेसलाई पनि सहभागि बनाउने सदाशय हो भने संविधान संशोधन गर्नुको विकल्प छैन । त्यसका लागि एमालेको असहयोगले पनि उति अप्ठेरो नपार्ने अवस्था सिर्जना हुन सक्तैन भन्न मिल्दैन । अर्थात एमाले, नेमकिपा, जनमोर्चा र नेकपा मालेबाहेक पनि दुइतीहाई बहुमत जुट्न नसक्ने होइन । एमालेझैं राप्रपा र फोरम लोकतान्त्रिक लगायतका साना दलहरू मधेसी समुदायलाई बाहेक गरेर निर्वाचनमा जाने पक्षमा उभिने मुर्खता गर्लान्जस्तो लाग्दैन । कथम कदाचित राप्रपा र फोरम लोकतान्त्रिक लगायतका दलहरू एमालेकै पछि लागेछन भने त्यस्तो अवस्थामा भने घोषित स्थानीय तहको निर्वाचन मधेसी दलहरूको सहभागिता विना नै गर्नुपर्ने हुनेछ । मधेसको माग मधेसी जनताको मात्रै होइन, तमाम नेपालीहरूको साझा हितमा छ भन्ने कुरा बुझ्ने मानिसहरूको संख्या पहाडमा निकै पातलो छ । खासगरेर, जनजाति समुदायहरू मधेसको साथमा दृढतापूर्वक उभिने सम्भावना क्षीण देखिन्छ । "मधेस टुक्रिन खोज्दै छ" भन्ने प्रायोजित हल्लाले नेपाली समाजलाई दिग्भ्रमित बनाएको छ । सिके राउतहरूको उटपट्याङ गतिविधिले अनर्गल हल्ला चलाउनेहरूलाई सहयोग पुर्‍याइरहेको छ । विप्लव माओवादीको तिघ्रा ठटाइले निर्वाचनलाई असर गर्ला भनेर पत्याउन सकिदैन । त्यसैले पहाडी जिल्लाहरूमा निर्वाचन विना ठूलो वाधाविरोध सम्पन्न हुने देखिन्छ । थारू बसोबास खण्डित छ । नियतबस खण्डित गराइएको छ । टिकापुर घटनाको निहुँमा थारू समुदायका अगुवाहरूलाई थातबास छोड्नुपर्ने अवस्थामा पुर्‍याइएको हुनाले थारूबहुल इलाकाहरूमा पनि चुनावमा अवरोध पुर्‍याउने सशक्त शक्ति देखिदैन । आखिर स्थानीय निर्वाचन हुन कठिन पर्ने दुई नम्बर प्रदेश एउटामा मात्र हो । मधेसको असहमतिका बाबाजुद चुनाव आयोजना गर्दा मधेस एक्लैको विरोधका कारणले सिङ्गो देशको चुनाव भाँडिन्छ भन्न मिल्दैन । हो, त्यही सम्भावनाले प्रधानमन्त्री प्रचण्डमा फेरि अर्को एकपटक "बोलीको ठेगान नभएको नेता" भनाउने रहर जागेको होला, सायद !

मधेसका जायज माग सम्बोधन गर्ने सरकारको सदाशय गलत थिएन । त्यस्तो अडान र चुनावमध्ये एउटा रोज्नुपर्ने परिस्थितिमा प्रचण्डका लागि दोश्रोले बढी महत्व राख्दथ्यो । किनकि चुनाव हुन नसक्दा हातबाट गुम्ने सत्तानेतृत्व मात्रै थियो । निर्वाचनको मिति नतोक्ने हो भने पूर्व सहमति अनुसार चैत्र मसान्तमै सत्तानेतृत्व हस्तान्तरण गर्नुपर्ने दवाव देउवाले दिन थालेको कुरा अखवारी चर्चामा थियो । विना निर्वाचन सत्ता हस्तान्तरण गनुपर्दा अवश्य चुनाव गराउन असफल भएको मानिन्थ्यो । तर त्यसले प्रचण्डको राजिनीतिक उचाई भने घटाउँदैनथ्यो । चुनाव भए पनि नभए पनि तीनबुँदे पूर्व सर्तअनुसार सत्ता हस्तान्तरगर्ने भद्र सहमति पालना गर्ने राजनीतिज्ञका रूपमा प्रशंसित हुने परिस्थिति सिर्जना हुन्थ्यो । नेपालले अवलम्बन गरेको निर्वाचन प्रणालीका कारण आगामी दिनहरूमा पनि कुनै एउटा पार्टीविशेषले संसदीय एकल बहुमत जुटाउने सम्भावना क्षीण बनाइदिएको छ । त्यसको अर्थ भविष्यमा पनि संयुक्त सरकार अर्थात मिलिजुली सरकार बनाउनुपर्ने र चलाउनुपर्ने आश्यकता आईपर्नेछ । सत्ता छोड्नै नमान्ने र जसरी पनि सत्तामा पुग्नैपर्ने लुछाचुँडीले नेपालका सरकारहरू अस्थीर रहँदै आएको सन्दर्भमा बरू सत्तानेतृत्व परिवर्तन हुने तर सत्ता गठबन्धन नटुट्ने उदाहरणीय परम्पराको सुरूवात हुन्थ्यो । त्यस्तो इमान्दारिता प्रारम्भ गरेको जस प्रचण्डलाई जान्थ्यो । अकोतिर बरू सत्ता छोड्न तयार हुने तर मधेसलाई सहमत नगराएसम्म निर्वाचन नगराउने अडानले पनि आधा जनसंख्या रहेको मधेसको सहानुभूति पाउन सक्ने सम्भावना स्वभावतः बढाउँथ्यो ।

निर्वाचनको मिति तोक्नु अपराध भयो भन्न मिल्दैन । चुनाव त अनिवार्य थियो नै । सर्त सबै राजनीतिक शक्तिहरूले सहभागिता जनाउनसक्ने वातावरण निर्माणको मात्र हो । मिति तोक्नाले मधेसको असन्तुष्टि सम्बोधनको मार्ग पूर्णरूपमा बन्द भयो भन्न मिल्दैन । सम्बोधन गर्ने अवसर बाँकी छ र त्यसका लागि अधिकतम प्रयत्न गर्नु जरूरी छ । निर्वाचनपूर्व संविधान संशोधन हुन त्यस्तो परिस्थिति एउटा उपलब्धी मानिने छ । निर्वाचनमा हारजीतको हिसाबले प्रतिश्पर्धा हुने एमाले काँग्रेसको बीचमा हो । यसपटकको निर्वाचनमा जति थोरै सिट जिते पनि त्यो माओवादी केन्द्रका लागि उपलब्धी नै मानिने छ । नँया अनुभव र अभ्यास ठहर्नेछ । किनकि आजसम्म उक्त पार्टीले स्थानीय निकायको निर्वाचन लडेकै छैन । स्थिति जति नै प्रतिकूल रहे पनि एमालेले भनेजस्तो "काँग्रेस हाफ, माओवादी साफ" अवश्य नहोला । एमालेको "खसावादी अहङ्कार" ले खससमाजमा जति लोकप्रियता आर्जन गर्न सफल भएको छ त्यति "पहिचानवादी नारा" बाट पहाडी जनजातिसमुदायलाई आकर्षित र प्रभावित बनाउन सकेको छैन । जनजातिहरूमा एमालेसँग "जस्तालाई तस्तै" को व्यवहार गर्ने तुजुक विकसित भएको हुन्थ्यो भने यसपटकको निर्वाचनमा माओवादी होइन, पत्तासाफ हुने अवस्थामा एमाले पुग्थ्यो । त्यस्तो परिस्थिति भएन भन्दैमा एमालेले २०५४ साल दोहोर्‍याउँछ भन्नु परिस्थितिको अधिमूल्यांन ठहर्नेछ ।

निर्वाचनबाट पार्टीलाई ठूलो उपलब्धी नहुने, बोलीमा अडान नभएको भन्ने पुरानो लाञ्छना थप प्रमाणित हुने र मधेसको असन्तुष्टि यथावत रहँदा मुलुक सम्हाल्न नसकेको असफलताको अपजसभागी बन्नुपनल सम्भावना देख्दादेख्दै निर्वाचनको मितितोक्न राजी हुनाले प्रचण्डको पोल्टामा परेको एउटा मात्र फाइदा काँग्रेससँग गरेको पूर्व सहमतिभन्दा थप एक महिना सत्ताको नेतृत्व गर्ने अवसर मात्र हो । अब कमसेकम सत्ता छोड्नका लागि देउवाले कचकच गर्न नसक्ने परिस्थिति निर्माण भयो । माने पनि नमाने पनि प्रचडको उपलब्धी त्यत्ति हो । यस बीचमा मधेस समस्याको समाधान दिनेगरी संविधानमा सानोठूलो संशोधान हुन सकेन र दुई नम्बर प्रदेशमा मात्र पनि निर्वाचन सम्भव भएन भने त्यो ठूलो असफलता मानिने छ । निर्वाचन गराउन नसकेको आक्षेपको भागिदार बन्नुपर्ने छ । एमालेको अडानका सामु घुँडा टेकेको भन्ने आर्थ लाग्ने छ र प्रचण्डको व्यक्तित्क थप पुड्के बन्ने छ । साख घट्ने छ । असफलताको पर्याय बन्नुपर्ने छ । त्यसैले मधेसको पक्षमा लिँदै आएको अडान छोड्नु प्रचण्डका लागि सबभन्दा ठूलो घाटाको व्यापार ठहरिने छ । ■

**www.bikalpanews.com**
gjljsNk ;fKtflxs l8lh6n Gohkk/
हामीलाई फेसबुक र ट्वीटरमा समेत फलो गर्न सक्नुहुन्छ
फेसबूकका लागि
https://www.facebook.com/bikalpanews/
ट्वीटरका लागि
https://twitter.com/NawabikalpaWeek

# हार्दिक बधाई




तारानाथ शर्मा


ठाकुरप्रसाद आचार्य


रुद्रकुमारी खत्री (मालती)




गोरखनाथ सुवेदी


हरिकृष्ण गौतम


कमल खत्री


गोपाल छन्त्याल


सुदर्शनकुमार श्रेष्ठ


प्रताप बानियाँ


पदम विश्वकर्मा


अमित विश्वकर्मा


आशिका मल्ल


सावित्रा सुवेदी


दिनेश फगामी

नेपाल पत्रकार महासंघ जिल्ला शाखा म्याग्दीको फागुन ३ गते बेनीमा सम्पन्न पाँचौ जिल्ला अधिवेशनबाट अध्यक्षमा तारानाथ शर्मा उपाध्यक्षमा ठाकुरप्रसाद आचार्य, महिला उपाध्यक्षमा रुद्रकुमारी खत्री (मालती), सचिवमा गोरखनाथ सुवेदी, कोषाध्यक्षमा हरिकृष्ण गौतम, खुल्ला सहसचिवमा कमल खत्री र समावेशी सहसचिवमा गोपाल छन्त्याल,सदस्यहरुमा सुर्दशनकुमार श्रेष्ठ, प्रताप बानियाँ, पदम विश्वकर्मा, अमित विश्वकर्मा, आशिका मल्ल, सावित्रा सुवेदी र दिनेश फगामी सर्वसम्मत चयन हुनुभएकामा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौ ।

**प्रो. नारायण जिसी**

# जिसी क्रसर उद्योग

**बेनी नगरपालिका-११, बगुवाखोला म्याग्दी**

# चिजले बजार पाउँदा कृषक उत्साहित

**नवविकल्प**

म्याग्दीको घार ५ मा रहेको हिमालयन चिज उद्योगमा चिजको माग र बिक्री बढेपछि कृषक उत्साहित भएका छन् ।

हिमालयन चिज उत्पादन कृषि सहकारी संस्थाद्धारा वि.स २०७१ बैशाखदेखि सञ्चालित उद्योगमा चिजको माग बढेको हो । म्याग्दी, मुस्ताङ र पोखराका पर्यटकीय स्थलका होटलहरूबाट चिजको माग आउन थालेको सहकारीका अध्यक्ष नारायण बरूवालले बताउनुभयो ।

गत वर्षको भुकम्प र नाकाबन्दीका कारण पर्यटक आगमन घट्दा चिज बिक्री हुन नसकेर नष्ट गरीएको थियो । यस वर्ष पर्यटक आगमनसंगै चिजको बिक्री समेत बढेकाले माग पुर्‍याउन नसकीएको अध्यक्ष बरूवालले बताउनुभयो ।

गत आर्थिक वर्षमा तेत्तिस लाख रूपैयाँ मूल्य बराबरको चार हजार किलोग्राम भन्दा बढी चिज बिक्री भएको उद्योगमा पोखराको लेकसाईड, घान्द्रुक, जोमसोम, घोडेपानी, तातोपानीका होटल ब्यवसायीले चिजका लागि सर्म्पक गरीरहेका छन् ।



जिल्लाभित्रकै नियमित ग्राहकलाई प्राथमिकता दिएर चिज आपूर्ती गरिएको अध्यक्ष बरूवालले बताउनुभयो । चिजको माग बढेपछि उद्योगको क्षमत्ता विस्तारको तयारीसंगै कृषकहरूलाई गाईपालनतर्फ आकर्षित गर्न अभियान सञ्चालन गरिएको छ ।

प्रतिकिलो ७५० का दरले बिक्री गरिदै आएको चिजको मूल्य समेत बढाउने तयारी भएको छ । उद्योगमा हाल ४५ जना कृषकहरूले गुणस्तर अनुसार ५० देखि ५५ रूपैया प्रतिलिटरका दरले दैनिक एक सय लिटर भन्दा बढी दूध बिक्री गर्छन् । दूध बेचेर एक जना कृषकले मासिक पाँच देखि २५ हजार रूपैयाँ सम्म आम्दानी गर्छन् ।

उद्योगबाट दैनिक दश किलोग्राम चिज र मासिक तिस किलोग्राम घ्यू उत्पादन हुन्छ । ब्यवसायिक कृषि बजार आयोजना (प्याक्ट)को सहयोगमा चिज भण्डारण गृह बनाएको सहकारीले दूध संकलन स्थल निर्माण गर्ने तयारी गरेको छ । दूध उत्पादन बढाउनका लागि कृषकलाई गाई पाल्न ऋणका लागि सहजिकरण र घाँस खेती विस्तारमा जोड दिएको छ ।

# बिदेशबाट फर्किएर बाख्रा पालन

**नवविकल्प**

म्याग्दीको घार ६ मा एक दम्पत्तीले बैदेशिक रोजगारीको विकल्पमा ब्यवसायिक बाख्रा फार्म सञ्चालन गरेका छन् । १३ वर्ष साउदी अरबमा काम गरेर फर्कीएका ४० वर्षिया टेकबहादुर र उहाँकी श्रीमती ३८ वर्षिया सिता बरूवाल बाख्रापालनबाट स्वरोजगार बन्नुभएको हो । बरूवाल दम्पत्तीले दुई वर्षअघि पाँच लाख रूपैयाबाट सुरू गरेको निलगिरी बाख्रा फार्मबाट छोटो समयमा राम्रो सफलता पाएका छन् ।



परम्परागत रूपमा घरखर्च जुटाउन बाख्रा पाल्दै आएकी सितालाई बिदेशबाट फर्कीएका टेकबहादुरले साथ दिएपछि फार्म स्थापना गरेका हुन् । हाल ६२ वटा खरी जातका बाख्रा रहेको सो फार्मबाट गत वर्ष दुई लाख पचास हजार रूपैयाँ आम्दानी भएको सञ्चालक सिता बरूवालले बताउनुभयो ।

यस वर्ष डेढ लाख रूपैयाँ बराबरको खसी, बोका र बाख्रा बिक्री भैसकेको छ । बाख्राका साथै दुई वटा भैसी समेत पालेका उनिहरूले ब्यवसायिक आलु खेती समेत गरेका छन् । जिल्ला पशु सेवा कार्यालयबाट गत वर्ष एक लाख रूपैयाँ अनुदान पाएको सो फार्मलाई ब्यवस्थित र क्षमता विस्तार गर्न लागीएको सञ्चालक बरूवालले बताउनुभयो ।

फार्ममा एक जनालाई रोजगारी समेत दिएका छन् । समुदायलाई वार्षिक दुई हजार रूपैयाँ शूल्क तिरेर सार्वजनिक पाखो र जंगलमा बाख्रा चराउने गरेका छन् । खसी, बोका र बाख्राको अतिरित्त मल बेचेरै चालीस हजार भन्दा बढी आम्दानी हुने उनिहरूको भनाई छ ।

"वर्षमा तिनरचार लाख कमाउन बिदेशमा गएर दुख गर्न पर्दैन्" सिताले भन्नुभयो "बाख्रा पालेर चार वटा छोराछोरी पढाउने, घरब्यवहार चलाउनुका साथै घरजग्गा खरिद पनि गरेका छौं ।" साउदीबाट स्वदेश फर्कीएपछि केही समय यातायात ब्यवसाय समेत गरेका टेकबहादुर बाख्रापालनबाट उत्साहीत हुनुहुन्छ । "गाडीबाट सोचे जस्तो आम्दानी नभएपछि गाउँमै बाख्रा पाल्न थालेको हो" टेकबहादुरले भन्नुभयो "उन्नत जातको बाख्रा पाल्ने र संगै तरकारी खेती गर्ने योजना छ ।"

# म्याग्दी मकैको विउमा आत्मनिर्भर

**नवविकल्प**

पहाडी जिल्ला म्याग्दी मकैको विउमा आत्मनिर्भर बनेको छ । म्याग्दीको मुख्य खाद्यबाली मकै खेतीका लागि आवश्यक पर्ने विउ जिल्लाकै उत्पादनले पुग्न थालेको हो ।

वार्षिक २० मेट्रिक्टन मकैको विउ आवश्यक पर्ने म्याग्दीमा ३८ मेट्रिक्टन उत्पादन हुने जिल्ला कृषि विकास कार्यालयले जनाएको छ । जिल्लाको माग पुर्‍याएपछि लमजुङ, कास्की, तनहुँ, बागलुङ, पर्वत लगायत जिल्लामा मकैको विउ निकासी हुन थालेको छ ।

पाँच वर्षयता म्याग्दीमा मकैको विउ आयात नभएको कार्यालयका बागबानी विकास अधिकृत भोजबहादुर थापाले जानकारी दिनुभयो । नौ हजार ८७२ हेक्टर क्षेत्रफलमा मकै खेती हुने म्याग्दीमा गत वर्ष ३१ हजार ७४६ मेट्रिक्टन उत्पादन भएको थियो ।

म्याग्दीलाई खाद्यबालीको विउमा आत्मनिर्भर बनाउने उद्देश्यले वि.स २०६२ देखि विजवृद्धी कार्यक्रम सञ्चालनमा छ । कृषकहरू विउ उत्पादनप्रती आकर्षित भएपछि गहुँको समेत विउ आयात घटेको बागबानी विकास अधिकृत थापाले बताउनुभयो । कार्यालयले तोरीपानी, बगरफाँट, बाबियाचौर, हिदी, ताकम, भिँ लगायतका ठाउँमा मकैबालीको



विजवृद्धी कार्यक्रम सञ्चालन गरेको छ । त्यहाँका कृषकहरूलाई कार्यालयले पचास प्रतिशत अनुदानमा मनकामना ३, मनकामना १ र अरूण १ जातको मुल विउ उपलब्ध गराउछ ।

उनिहरूले उत्पादन गरेको प्रथम र दोस्रो पुस्ताको विउ खरिद गरेर अन्य ठाउँका कृषकहरूलाई बृहतत्तर मध्य पहाडी मकै उत्पादन कार्यक्रम अन्तरगत ७५ प्रतिशत अनुदानमा वितरण गर्ने ब्यवस्था मिलाएको छ ।

यस वर्ष १७.५ मेट्रिक्टन प्रथम पुस्ताको उन्नत विउ र ८५० केजी मुल विउ वितरण गर्न सुरू भएको कार्यालयले जनाएको छ । कृषि विकास कार्यालय र सेवा केन्द्र मार्फत विउ वितरण गर्ने ब्यवस्था मिलाएको छ । प्रतिकिलो मकैको विउको मूल्य पचास रूपैया पर्छ ।

विगत केही वर्षयता ब्यवसायिक रूपमा मकैको विउ उत्पादन गर्दै आएको घतानको तोरीपानीका कृषकहरूले विउबाट नगद आम्दानी गर्न सफल भएका छन् । मकैको बिउ बेचेर एक जना कृषकले वर्षमा २५ हजार रूपैया सम्म आम्दानी गर्ने भगवती विउ उत्पादक कृषक समूहका अध्यक्ष ज्ञानबहादुर विश्वकर्माले बताउनुभयो । उहाँका अनुसार तोरीपानीका ५० घरधुरी कृषकले यस वर्ष सात मेट्रिक्टन मकैको विउ उत्पादन गरेका छन् । विउ नबनाउँदासम्म मकै खेती घरायसी उपभोग र गाईबस्तुको दानाको लागि मात्र सिमित थियो ।

# पन्थि डेरीको बेनी बिक्री केन्द्रको दूध नष्ट गरियो

**नवविकल्प**

पोखरामा रहेको पन्थी डेरीको बेनीको अस्पताल चोक स्थित बिक्री केन्द्रमा राखिएको तिनसय लिटर दूध सोमबार नष्ट गरिएको छ । गत हप्ता आपूर्ती मन्त्रालय र स्थानीय सरोकारवालाहरूको संयुक्त अनुगमनले म्याद नाघेको पोका दूध र दही विक्री गर्न राखेको भन्दै सिलबन्दी गरेको थियो ।

म्याद सकिएको पोका दूध र दही बिक्रीका लागि राखेको र कतिपय पोकामा उत्पादन मिती समेत नरहेकाले सामान बरामद गरि फागुन १ गते आएको अनुगमन टोलीले फ्रिजमै सिलबन्दी गरेको थियो ।

सिलबन्दीको एकहप्ता पछि जिल्ला प्रशासन कार्यालय म्याग्दीले अन्य सरोकारवालाहरूको रोवरमा सिल खोली म्याद नाघेको दूधलाई



बेनीको सेतो पहिरोमा लागि नष्ट गरेको सहायक प्रमुख जिल्ला अधिकारी शोभाखर पोख्रेलले बताउनुभयो ।

उहाँका अनुसार पलास्टीकमा प्याक गरीने दूध दहिको उपभोग्य समय ४८ देखि ७२ घण्टा हुन्छ । सो पसलमा बिक्रीका लागि राखिएको दूध, दहिको पोकामा लेखिएको उत्पादन मिती २०७३ माघ २२ गते रहेको थियो । उपभोक्ताहरूलाई म्याद नाघेको दूध विक्री गर्ने ब्यवसायीलाई के कस्तो कारवाही भयो भन्ने कुरा खुलाइएको छैन ।

# मल्लाज उपशाखाको भवन शिलन्यास

**नवविकल्प**

पर्वत उद्योग वाणिज्य संघ मल्लाज उपशाखाको बिहीबार भवन शिलन्यास गरिएको छ । माझफाँट २ लामाखेतमा निर्माण हुन लागेको भवनको उपशाखाको छैठौं साधारणसभाको अवसरमा पर्वत क्षेत्र न. १ का सांसद अर्जुनप्रसाद जोशीले शिलन्यास गर्नुभएको हो ।

रवीन्द्र र जर्नादन मल्लले उपलब्ध गराउनुभएको आठ आना जग्गामा सामुदायिक प्रयोजनको सभाहल सहितको कार्यालय भवन निर्माण हुन लागेको हो । सो कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रिय सदस्य समेत रहनुभएका सांसद जोशिले विकासका लागि सबैको एकता र सहकार्य आवश्यकता पर्ने बताउनुभयो ।

उहाँले बैशाख ३१ मा हुन लागेको स्थानीय तहको निर्वाचनले संबिधानको कार्यान्वयनसंगै विकास निर्माणका लागि समेत अवसर सिर्जना गर्ने बताउनुभयो । शिलन्यास कार्यक्रममा



सांसद जोशी सहीत विभिन्न ब्यक्ति तथा संस्थाहरूबाट छ लाख रूपैया सहयोग घोषणा भएको छ । बिस लाख रूपैयाँको लागतमा भवन निर्माण गर्ने लक्ष्य छ । कार्यक्रममा म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिवनबहादुर विश्वकर्मा, पर्वत उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष गोपी अधिकारी, नेकपा एमालेका गाउँ कमिटि अध्यक्ष टेकबहादुर जिसी ब्यवसायीको तर्फबाट नविन जिसी लगायतले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

उपशाखाका सभापति भिष्म मल्लको अध्यक्षता, महासचिव चित्रराज रेग्मीको सञ्चालन र दितृय उपाध्यक्ष देवेन्द्र भण्डारी (रवी)ले स्वागत गर्नुभएको कार्यक्रममा सचिव शेषराज रेग्मीले आर्थिक तथा प्रगती प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको समापन बरिष्ठ उपाध्यक्ष डिलबहादुर बरूवालले गर्नुभएको थियो ।

# दोसल्लेमा सुन्तला बगैचा सुदृढीकरण

**नवविकल्प**

म्याग्दीको हिस्तान ८ दोसल्लेका कृषकहरू सुन्तला बगैचा सुदृढीकरण अभियानमा जुटेका छन् । सुन्तलाको गुणस्तर र उत्पादन वृद्धी गराउन फल टिपेर रित्तिएका सुन्तला बगैचाको सरसफाई, मलजल र पौष्टिक तत्वको आपूर्ती गराउन थालेका हुन् । बगैचा सुदृढीकरणका लागि जिल्ला कृषि विकास कार्यालयले उपलब्ध गराएको रासायनीक मल, निलो तुथो चुना बिहीबार कृषकहरूलाई वितरण गरिएको छ ।

४६ घरधुरी कृषकलाई १५ बोरा डिएपी, पोटास र युरीया मलको साथै निलो तुथो वितरण गरिएको दोसल्ले सुन्तलाजात कृषक समूहका अध्यक्ष मिलन गर्बुजाले बताउनुभयो । दोसल्लेका कृषकहरूले ब्यवसायीक सुन्तला खेतीलाई प्रमुख आयस्रोत बनाएका छन् । दोसल्लेमा विगत तिन वर्षदेखि बगैचा सुदृढीकरण कार्यक्रम सञ्चालन हुदै आएको छ ।

यस वर्ष १२ लाख रूपैयाँ मूल्य बराबरको सुन्तला बिक्री गरेको दोसल्लेका कृषकहरूले परिक्षणका लागि करिब दुई सय किलो सुन्तला सेलार स्टोरमा भण्डारण गरेका छन् । गत वर्ष जिल्ला कृषि विकास कार्यालयको सहयोगमा सुन्तला भण्डारण गृह निर्माण भएको थियो । बेमौसममा बेच्न र बढी मूल्य पार्नका लागि सुन्तला भण्डारणको परिक्षण गरिएको हो ।

नवविकल्प साप्ताहिक पत्रिकाको इ-पेपर लगायत ताजा स्थानीय तथा राष्ट्रिय समाचारका लागि-
www.bikalpanews.com

## जनप्रतिनिधिको .....

र सेवा प्रवाहमा सहजता आउने बताउँछन् ।

नयाँ ब्यवस्था अनुसार महिला, दलित, आदीवासी जनजाती लगायत पछाडी परेका समुदायको समेत स्थानीयतहमा प्रतिनिधित्व हुने अवसरको ढोका खोलेको छ । गाउँ र नगरपालिकामा प्रमुख वा उपप्रमुख मध्य एक जना महिला नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा लगायत दलका केन्द्रिय स्तरका नेताहरू जिल्ला र जिल्लाका नेताहरू गाउँमा विकेन्द्रित भएका छन् ।

स्थानीय निकायमा जनप्रतिनिधि चयन गर्नका लागि १९ वर्षपछि निर्वाचन हुन लागेको हो । स्थानीय तहको निर्वाचनपछि जनताले संबिधानमा माओवादी केन्द्रले प्रस्तावित स्थानीयतह अनुसारको पार्टी संरचना तयार पारी अधिवेशन गर्ने र निर्वाचनमा केन्द्रित हुने निर्णय गरेको छ ।

गत मंगलबार बसेको जिल्ला सम्मेलन आयोजक कमिटी अन्तरगतको कार्यालयको बैठकले प्रस्तावित ५ गाउँपालिका र बेनी नगरपालिकाको सम्मेलन फागुन अघिनै



म्याग्दीको शिखमा मंगलबार गाउँको विकास निर्माणको अवस्थाका विषयमा अन्तरक्रिया गर्न भेला भएका स्थानीयबासी । तस्विर नवविकल्प

उमेद्वार हुनुपर्ने ब्यवस्था पहिलो पटक कार्यान्वयन हुदैछ । वडामा एक जना दलित र एक महिला उमेद्वार बनाउनुपर्ने ब्यवस्था समेत छ ।

एक नगरपालिका र पाँच वटा गाउँपालिका प्रस्तावित म्याग्दीमा निर्वाचनका लागि १२ वटा राजनीतिक दल दर्ता भएका छन् । जिल्ला निर्वाचन कार्यालयको प्रारम्भिक विवरण अनुसार सत्तरी हजार जना भन्दा बढी मतदाता रहेका छन् । २०७३ फागुन ९ गतेसम्म तस्विर सहितको मतदाता नामावली दर्ता गराएका १८ वर्ष पुरा भएका मतदाताले मतदान गर्न पाउँनेछन् ।

विभिन्न दलका जिल्ला स्तरका नेताहरूले गाउँका कार्यकर्ताहरूलाई फोन र भेटघाट मार्फत निर्वाचनको तयारीका बारेमा छलफल बढाएका छन् । नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा लगायतका दलभित्र उमेद्वार छनौटको विषयमा चर्चा सुरू भएको छ ।

स्थानीय तहको निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्नका लागि दलहरू पूर्व तयारीमा जुटेका छन् । भेला, प्रशिक्षण, भेटघाट, सम्मेलन र अन्तरक्रियाले तिब्रता पाएको छ । भएका अधिकारको अनुभव गर्न पाउनुका साथै विकास निर्माणले गति लिने, सार्वजनिक सेवामा सहज पहुँच स्थापित हुने र अवसरको सिर्जना हुने नेताहरूको भनाइ छ ।

नेपाली काँग्रेस म्याग्दीका सचिव हरिकुमार श्रेष्ठले नेता कार्यकर्तामा सक्रियता र चासो बढेको बताउनुभयो । भातृ संगठनको भेला, सम्मेलन, प्रशिक्षण र कार्यकर्ता भेटघाटलाई तिब्रता दिएको काँग्रेसले छिट्टै जिल्ला कार्यसमितिको बैठक बसेर चुनावी अभियानको रणनीति तय गर्ने सचिव श्रेष्ठले जानकारी दिनुभयो ।

चार महिने जनपरिचालन अभियान लिएर ग्रामिण क्षेत्रमा पुगेका म्याग्दीका एमालेका नेताहरू वडा र बस्ती तहमा संगठन विस्तारमा केन्द्रित भएका छन् । गाउँतहका नेता, कार्यकर्तालाई स्थानीयतहको चुनावको तयारीमा जुट्न निर्देशन दिएको एमालेका जिल्ला सचिव बालकृष्ण सुवेदीले बताउनुभयो ।

जिल्ला कमिटिको बैठक बसेर चैतमा तय भएको जिल्ला अधिवेशनलाई स्थगित गरी निर्वाचन केन्द्रित अभियान अघि बढाउने सचिव सुवेदीले जानकारी दिनुभयो । नेकपा सम्पन्न गर्ने निर्णय गरेको संयोजक गोविन्द पौडेलले जानकारी दिनुभयो । स्थानीयतहको अधिवेशनसंगै उमेदवार छनौट गरी सबै शक्ति निर्वाचनमा केन्द्रित गर्ने पौडेलले बताउनुभयो ।

हालै राष्ट्रिय महाधिवेशन र एकताको जिल्ला अधिवेशन गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी म्याग्दीले समेत चुनावी अभियान र योजना बनाउन थालेको छ । दोस्रो बैठकले जिल्ला कार्यसमिति पदाधीकारीको टुङ्गो लगाउने र चुनावी अभियानमा जुट्ने राप्रपा म्याग्दीका अध्यक्ष बिरबहादुर थापा क्षेत्रीले बताउनुभयो ।

अक्टोबर क्रान्तिको शतवार्षिकी अभियान अन्तरगत संगठन विस्तार, सुदृढीकरण अभियान चलाइरहेको राष्ट्रिय जनमोर्चा म्याग्दीका अध्यक्ष छवी विश्वकर्माले अभियानलाई निर्वाचन केन्द्रित बनाउने बताउनुभयो । निर्वाचन कार्यालय र सुरक्षा निकायले समेत आवश्यक तयारी थालेका छन् । निर्वाचन आयोगले बैशाख १६ गते उमेद्वारी दर्ता र बैशाख ३१ गते बिहान ७ देखि साँझ ५ बजेसम्म मदतानका लागि कार्यतालिका सार्वजनिक गरेको छ । स्क्याच तस्विर इकान्तीपुरबाट

## बिरौटाबासी खानेपानी आयोजना निर्माणमा

■ नवविकल्प

म्याग्दीको घार गाविस ७, ८ र ९ नम्बरका बासिन्दा खानेपानी आयोजना निर्माणमा जुटेका छन् ।

घरघरमा खानेपानीको धारा जडान हुने भएपछि स्थानीय बासिन्दा उत्साहीत हुदै श्रमदानमा जुटेका हुन् । घारको बिरौटा र उपल्लो हलेखर्कका बासिन्दाको सुबिधाका लागि चालीस लाख रूपैयाँ भन्दा बढी लागतमा बिरौटा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन भएको छ ।



४० लाख ७० हजार १३२ रूपैयाँको लागतमा निर्माण हुने आयोजनाबाट ४३ घरधुरीका २३४ जनसंख्या लाभान्वित हुने उपभोक्ता समितिका अध्यक्ष ठाकुरप्रसाद बरूवालले जानकारी दिनुभयो । उहाँका अनुसार जिविस अन्तरगत सञ्चालित पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना दोस्रो चरण मार्फत गत भदौदेखि सुरू भएको आयोजनाको सत्तरी प्रतिशत काम सकिएको छ ।

घारको ७ नम्बर वडामा पर्ने काउरोट खोलाको मुहानबाट पानी ल्याउन छ हजार मिटर पाइपलाईन खन्ने र बिछ्याउने काम सकिएको छ । तिन वटा रिजर्भ टंकी र ३५ वटा घरमा निजी धारा निर्माण भैसकेको छ । चैत १५ गतेभित्र आयोजना सञ्चालनमा ल्याउने लक्ष्य रहेको उपभोक्ता समितिले जनाएको छ ।

उपभोक्ताको श्रमदान सहित ३६.७५ प्रतिशत अथवा १४ लाख ९५ हजार ९४५ रूपैयाँ लगानी हुने आयोजनामा नेपाल सरकार र फिनल्याड सरकारको २६.९२ प्रतिशतका दरले, गाविसको छ प्रतिशत र जिविसको १० प्रतिशत लगानी हुने जनाइएको छ । उपभोक्ताले श्रमदानमा सक्रियता देखाएपनि सम्बन्धित निकायबाट भुक्तानी हुन ढिलाई हुदाँ समस्या भएको अध्यक्ष बरूवालले बताउनुभयो ।

## विद्यार्थी .....

अनीषा भट्टराईलाई अनेरास्ववियुको तर्फबाट सभापतिमा उमेदवार बनाउने निर्णय भएको केन्द्रिय सदस्य प्रकाश पौडेलले जानकारी दिनुभयो ।

केन्द्रिय सदस्य पौडेल, जिल्ला अध्यक्ष सुवास बिक र एमालेका विद्यार्थी बिभाग प्रमुख दिपक कार्कीको बैठकले टुङ्गो लगाएको उमेद्वार हरूको नामावली बैकल्पिक केन्द्रिय सदस्य भुपेन्द्र थापा, जिल्ला अध्यक्ष हरिकृष्ण श्रेष्ठ, सचिव बालकृष्ण सुवेदी लगायत नेताहरूको उपस्थितीमा सार्वजनिक गरिएको थियो । म्याग्दी क्याम्पसको सचिवमा दर्पण रोका, कोषाध्यक्षमा नविन सुवेदी र प्रत्यक्ष निर्वाचित सदस्यहरूतर्फ रश्मी रोका, भरत मल्ल, बिकास केसी, भावना जिसी, स्वस्तीका नेपाली र शुष्मा खत्री तथा समानुपातीकतर्फ उपसभापतिमा ईश्वर सुवेदी, सहसचिवमा मिलन खत्री, सदस्यहरूमा गंगा पुन, पूर्णमा बुढाथोकी, सृजना घर्ती र शुष्मा पुनलाई उमेद्वार बनाउने निर्णय भएको पौडेलले बताउनुभयो ।

उहाँका अनुसार मंगला क्याम्पको सचिवमा अनेरास्ववीयुले प्रकाश खड्का, कोषाध्यक्षमा संगिता नेपाली, सदस्यहरूमा कृष्ण छन्त्याल, शोभा कंडेल र बिमला किसानलाई उमेद्वार बनाउने भएको छ । त्रिवी अन्तरगतका क्याम्पसको शैक्षिक गुणस्तर र उत्तिर्णदर वृद्धि गराउने मुद्दालाई अनेरास्ववियुले प्राथमिकता दिएको केन्द्रिय सदस्य पौडेलले बताउनुभयो । उमेद्वार केसीले म्याग्दी क्याम्पसमा भर्ना र मासिक शूल्क वृद्धिका लागि आफूहरूले गरेको पहललाई निष्कर्षमा पुर्‍याउन विद्यार्थीले साथ दिने विश्वास ब्यक्त गर्नुभयो । नेकपा माओवादी केन्द्र निकट अनेरास्ववियु क्रान्तिकारीले गत आईतबारनै दुई वटै क्याम्पसका उमेदवार घोषणा गरेर प्रचारप्रसार सुरू गरेको थियो ।

म्याग्दी बहुमुखी क्याम्पसमा जिल्ला अध्यक्ष सुदिन पौडेललाई र मंगला शिक्षा क्याम्पसमा ईकाई कमिटीका अध्यक्ष कुशुम पाण्डेलाई सभापतिको उमेद्वार बनाउने सो संगठनले जनाएको छ । यसैगरी सन्दिप न्युरेलाई सचिव र रसीला बस्नेतलाई कोषाध्यक्ष पदको उमेदवार बनाउने जनाएको छ । सर्मीला पौडेल, भाइरथ पाण्डे, सन्तोषी आचार्य, अनीसा सुवेदी, प्रमीला पुन र नारायण ढुङ्गाना प्रत्यक्ष निर्वाचित सदस्यको उमेद्वार हुने जनाएको छ । संगठनका केन्द्रिय सचिव तथा प्रदेश नम्बर ४ का संयोजक कुशल पौडेलले शिक्षामा विद्यमान विभेदको अन्त्य, छात्रावृत्ती बैङ्कको ब्यवस्था, शैक्षिक योग्यताको प्रमाणपत्र घितोमा राखेर ऋण सुबिधा पाउने ब्यवस्था र त्रिभुवन विश्व विद्यालय अन्तरगतका क्याम्पसलाई अनुसन्धान केन्द्र बनाउने लगायतका एजेण्डा सहित निर्वाचनमा भाग लिने बताउनुभयो ।

सभापति पदका उमेद्वार पौडेलले म्याग्दी क्याम्पसको सञ्चालक समितिमा वास्तविक अभिभावकको प्रतिनिधित्वको सुनिश्चितता, छात्रवृत्तीलाई पारदर्शी बनाउन, महँङगो शूल्क तिरेर ट्युसन पढ्नुपर्ने समस्याको अन्त्यका लागि क्याम्पसका दक्ष प्रध्यापकहरूद्धारा सहुलियतमा अतिरिक्त कक्षा सञ्चालन, भौतिक पूर्वाधार र शैक्षिक सुधार गर्न आफूलाई जिताउन आव्हान गर्नुभयो । विद्यार्थी संगठनले क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि, भौतिक सुधार र भएका पूर्वाधारको सदुपयोग, बैकल्पिक आयस्रोतको खोजी र विद्यार्थीको हक अधिकारको मुद्दालाई प्राथमिकता दिएका छन् ।

समुदाय स्तरबाट सञ्चालित क्याम्पसको आयस्रोतका लागि ब्यवसायिक भवन, घेरावार निर्माण, छात्रावास, कम्प्युटर प्रयोगशाला, पुस्तकालयको ब्यवस्थित सञ्चालन गर्न पहल गर्ने बताउनुभयो । यसपालीको स्ववियु निर्वाचन २८ वर्षीय उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणालीमा हुन लागेको हो । १५ सदस्यीय स्ववीयुको कार्यसमितिमा उपाध्यक्ष, सहसचिव लगायत छ जना समानुपातीक मतदान प्रक्रियाबाट छनौट हुने ब्यवस्था छ ।

निर्वाचन कार्यतालीका अनुसार स्वावियुको निर्वाचनलाई ब्यवस्थित रूपमा सम्पन्न गराउन सबै काम अघि बढाइएको म्याग्दी क्याम्पसका निर्वाचन अधिकृत सहायक क्याम्पस प्रमुख रेखाकौशल रेग्मीले बताउनुभयो ।


सगुन स्टेशनरी स्टोर्स

विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका

धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता

क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

सबै काम एउटै छानामुनी

कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।

प्रो. सुदर्शनकुमार श्रेष्ठ

दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स

गणेशटोल बेनी, म्याग्दी

फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६२३९९८

विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

म्याग्दी जिप तथा बस संचालक समिति

म्याग्दी, बेनी

स्था. २०५८

२०७३ बैशाख १ देखि बेनी देखि छुट्ने गाडिको समय तालिका

| | | |
|---|---|---|
| बिहान: ७:१५ बजे | : | नरल्ले |
| बिहान: ८ बजे | : | मुना फल्लेगाउ |
| बिहान: ८:४५ बजे | : | लाम्मेला तमान |
| बिहान: ९:३० बजे | : | दरबाङ्ग |
| बिहान: १०:१५ बजे | : | दरबाङ्ग |
| बिहान: ११ बजे | : | मुना फल्लेगाउ |
| दिउसो: ११:४५ बजे | : | दरबाङ्ग |
| दिउसो: १२:३० बजे | : | दरबाङ्ग |
| दिउसो: १:१५ बजे | : | दरबाङ्ग |
| दिउसो: १:४५ बजे | : | मुना फल्लेगाउ |
| दिउसो: २:३० बजे | : | दरबाङ्ग |
| दिउसो: ३:१५ बजे | : | दरबाङ्ग |
| बेलुका: ३:३० बजे | : | थाइबाङ्ग |
| बेलुका: ३:४५ बजे | : | कुहूँ |
| बेलुका: ४:३० बजे | : | दरबाङ्ग |
| बेलुका: ५:१५ बजे | : | दरबाङ्ग (नाइट) |

सम्पर्क नम्बर: ०६९- ५२०८८२, ५२००५२

म्याग्दी जिप तथा बस संचालक समिति

म्याग्दी, बेनी

स्था. २०५८

२०७३ बैशाख १ देखि दरबाङ देखि बेनी सम्म छुट्ने गाडिको समय तालिका

| | | |
|---|---|---|
| बिहान: ७:०० बजे दरबाङ्ग देखि | : | बेनी सम्म |
| बिहान: ७:४५ बजे दरबाङ्ग देखि | : | बेनी सम्म |
| बिहान: ८:३० बजे दरबाङ्ग देखि | : | बेनी सम्म |
| बिहान: ०५:०० बजे दरबाङ्ग देखि | : | पोखरा सम्म |
| बिहान: ९:३० बजे मुना फल्लेगाउ देखि | : | बेनी सम्म |
| बिहान: १०:१५ बजे दरबाङ्ग देखि | : | बेनी सम्म |
| बिहान: ११:०० बजे दरबाङ्ग देखि | : | बेनी सम्म |
| दिउसो: ११:३० बजे नरल्ले देखि | : | बेनी सम्म |
| दिउसो: १२:०० बजे मुना फल्लेगाउ देखि | : | बेनी सम्म |
| दिउसो: १२:३० बजे दरबाङ्ग देखि | : | बेनी सम्म |
| दिउसो: १:०० बजे दरबाङ्ग देखि | : | बेनी सम्म |
| दिउसो: १:३० बजे तमान देखि | : | बेनी सम्म |
| दिउसो: २:०० बजे मुना फल्लेगाउ देखि | : | बेनी सम्म |
| दिउसो: ३:०० बजे दरबाङ्ग देखि | : | बेनी सम्म |
| दिउसो: ४:०० बजे दरबाङ्ग देखि | : | बेनी सम्म |
| बेलुका ४:३० बजे दरबाङ्ग देखि | : | काठमाण्डौ सम्म |

सम्पर्क नम्बर: ०६९- ५२०८८२, ५२००५२

म्याग्दी जिप्रकादनं. १/०६७/०६८, म्याग्दी जिहुदनं. ०९/०७१/०७२



# तिप्ल्याङमा खेलमैदान निर्माण

■ नवविकल्प



एक बिदेशी संस्थाको सहयोगमा म्याग्दीको बेग ८ तिप्ल्याङमा कक्षा कोठा भवन र खेलमैदान निर्माण भएको छ । तिप्ल्याङको कालीका आधारभुत विद्यालयमा (बेलायतको ह्यान्डस टुगेडर तिप्ल्याङ) परियोजनाको सहयोगमा भुकम्प प्रतिरोधात्मक क्षमताको ५ कोठे भवन निर्माण भएको हो ।

बेलायतका नागरिकहरूले सञ्चालन गरेको परियोजनाले भवन बनाउनका उपलब्ध गराएको रकम बचत भएपछि त्यसलाई परिचालन गरेर खेलमैदान निर्माण गरिएको प्रअ देवराज गर्बुजाले बताउनुभयो ।

सात लाख रूपैयाँको लागतमा बास्केटबल र भलिबल खेल सञ्चालन गर्न सकिने पक्कि खेलमैदान निर्माण भएको हो । भवन निर्माणका लागि संस्थाले ३१ लाख रूपैयाँ सहयोग गरेकोमा चार लाख पचास हजार रूपैयाँ बचत भएको थियो ।

त्यसमा गाविसको ४४ हजार ५०० रूपैयाँ अनुदान र दुई लाख बराबरको श्रमदानमा खेलमैदान निर्माण भएपछि विद्यार्थी र युवा युवतीहरूलाई खेल्नका लागि सुबिधा भएको छ । परियोजनाको सहयोगमा बालकक्षा र बालपुस्तकालयका लागि तिन कोठे र किचन तथा डाईनीङ हल भएको दुई कोठे छुट्टै अर्को भवन निर्माण भएको थियो ।

दोस्रो विश्व युद्धमा बहादुरी देखाएवापत बेलायतको उच्च सैनिक सम्मान पाएका (भिसी) तुलबहादुर पुनको जन्मथलो तिप्ल्याङको विकासमा सघाउन बेलायतका नागरीकहरूले (ह्यान्डस टुगेदर तिप्ल्याङ) परियोजना सञ्चालन गरेका छन् ।

कक्षा ८ सम्मको पठनपाठन हुने, करिब डेढ सय जना बालबालिका अध्ययनरत उक्त विद्यालयमा अस्ट्रेलीयाका नागरीक एलिजावेथ अलयानको पहलमा वि.स २०६८ देखि दिवा खाजा कार्यक्रम सञ्चालन हुदै आएको छ ।

स्वर्गीय भिसी तुलबहादुर पुनको स्मृतीमा बेलायती अभिनेत्री जोहोना लुम्लीको पहलमा वि.स २०६८ मा कालीका निमावीमा १० कोठे पक्कि कक्षाकोठा भवन निर्माण भएको थियो । बालकक्षा र दिवा खाजा कार्यक्रमका लागि नयाँ भवन निर्माण भएपछि थप सहज भएको प्रअ गर्बुजाले बताउनुभयो ।

# "बेनीबजार झर मायालु" म्युजिक भिडियोमा

■ नवविकल्प

म्याग्देली कलाकार रबी कार्कीको पञ्चेबाजामा आधारित लोक दोहोरी गीत "बेनी बजारमा झर मायालु" को म्युजीक भिडियो तयार भएको छ । स्टेश कार्यक्रमहरूमा हाँस्यब्यङ्ग गीत, प्रहसन र नृत्य प्रस्तुत गरेर चर्चा कमाएका घतानको नेप्टेचौरका कार्की र देवी घर्तीको स्वर रहेको गीतको म्युजीक भिडीयो मंगलबार काउलेगौडा युवा क्लबले बेनीमा आयोजना गरेको कार्यक्रममा बिमोचन गरिएको हो ।

प्रविण खत्रीको शब्द, प्रकाश भट्टको निर्देशन, बसन्त थापाको संगीत, नेत्रराज सुवेदी, रक्षा जिसी, अञ्जली अधिकारी लगायत कलाकारहरूको अभिनय रहेको म्युजीक भिडिकोको प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले बिमोचन गर्नुभएको थियो । नेप्टेचौर, बेनी लगायतका ठाउँमा म्युजीक भिडियो छायांकन गरिएको छ ।




क्लबका अध्यक्ष चिरञ्जीवी सुवेदीको अध्यक्षता, संस्थापक अध्यक्ष तेजेन्द्र बानियाँको सञ्चालक र शब्द संकलक प्रविण खत्रीको स्वागत रहेको कार्यक्रममा प्रहरी नायक उपरिक्षक बशुन्धरा खड्का, म्याग्दी उधोग बाणिज्य संघका अध्यक्ष जीवनबहादुर विश्वकर्मा, लोकदोहोरी गीत प्रतिष्ठान म्याग्दीका अध्यक्ष कृष्ण जिसिले लगायतले बोल्नुभएको थियो ।

गायक बसन्त थापा ,गायक राजेन्द्र आचार्य, अमित विश्वकर्मा, पदम विश्वकर्मा, नकुल ढकाल, ध्रुब जिसी, निशा केसी, शक्ति छिनाल, फौद कटुवाल लगायतले गीत प्रस्तुत गर्नुभएको कार्यक्रममा विनु कार्की र रविना भण्डारी लगायतले नृत्य प्रस्तुत गर्नुभएको थियो ।

प्रवन्ध निर्देशक - शंकर बराईली
मो. ९८५७६२४३३४
प्रो. जीवनकुमार विश्वकर्मा
मो. ९८५७६४००३४
"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"
जीवन सुन चाँदी दुकान
बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)
विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस "जीवन सुनचाँदी दुकान"ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

गणेशटोलबाट तपाईंको सेवामा
बेनी बजारको पिपलचोकबाट सेवा दिँदै आएको महारानी वर्कसप बेनी बजारको गणेशटोलबाट (शिखर होटलको अगाडी) दिइरहेको सम्पूर्ण ग्राहक मानुभावहरुमा जानकारी गराउँदछौं । साथै, सुजिकी कम्पनिको मोटरसाइकल र स्कुटीको अधिकृत विक्रेता । सम्पूर्ण कम्पनीका मोटरसाइकल र स्कुटीहरु मर्मत, सर्भिसिङ र पार्टपुर्जाहरु सुपथ मूल्यमा पाइन्छ ।
प्रो. सज्जन शाक्य (मोवाइल नं ९८५७६२३४०९)
महारानी वर्कसप
बेनी बजार,म्याग्दी

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाइँहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

Our Services
Iphone Unlock, Jailbreak & repairing,
Nokia, Samsung, LG, Sony, Blackberry,
HTC, Flash, Unlock & Repair



प्रो. नरेश श्रेष्ठ
नरेश मोबाइल सेन्टर
हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८५७६२८०११, ९८४७६१८०११

प्रो. नारायणप्रसाद सेन्चुरी
मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।
साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी
रारा अटोमोबाईल्स
पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)
हाम्रा सेवाहरू
विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौं । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सवै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. पल्टन शाह
गुप्ता फ्रेस हाउस
क्याम्पसचोक बेनी बजार, म्याग्दी
फोन–०६९–५२०६४४
मो.नं. ९८५७६२२२३७
हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

प्रो. बुद्धि महत
(मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत
(मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. मुकुन्द शर्मा
९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा
९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. सुरेन्द्रराज शर्मा
मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286